# देशको वर्तमान आर्थिक स्थिति
## (आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनासम्मको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### समग्र मौद्रिक तरलता

१. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय १३.५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय ११.४ प्रतिशतले बढेको थियो । त्यस्तै, संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ५.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ११.५ प्रतिशतले बढेको छ । खुद वैदेशिक सम्पति र कुल आन्तरिक कर्जामा विस्तार आएकोले समीक्षा अवधिमा मौद्रिक वृद्धि उच्च रहेको हो ।

२. आवधिक निक्षेपको वृद्धि अघिल्लो वर्ष १४.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १४.४ प्रतिशत रहेको छ । चलन चल्तीमा रहेको मुद्रा भने गत वर्ष ६.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १३.९ प्रतिशत अर्थात रु. ११ अर्ब ६५ करोडले बढेको छ । द्वन्द व्यवस्थापन खर्च र विप्रेषण आप्रवाह वृद्धि जस्ता कारणले चलन चल्तीमा रहेको मुद्रा उल्लेख्य रुपमा बढेको हो ।

३. अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रु. १२ अर्ब २८ करोड अर्थात् ८.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा रु. १३ अर्ब २९ करोड (१०.१ प्रतिशत) ले बढेको छ । विप्रेषण आप्रवाह र समीक्षा अवधिको आठौं महिनामा वैदेशिक सहयोगमा उच्च वृद्धि हुन गएकाले खुद वैदेशिक सम्पत्ति बढेको हो ।

४. अघिल्लो वर्ष ५.५ प्रतिशतले बढेको सञ्चित मुद्रा (Reserve Money) समीक्षा अवधिमा ११.५ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्ति बढेकाले सो मुद्राको वृद्धिदर उच्च रहेको हो ।

### वाणिज्य बैंकहरूसँगको तरलता

५. वाणिज्य बैकहरुसँग रहेको तरल कोष समीक्षा अवधिमा ६.८ प्रतिशतले बढेर रु. ६९ अर्ब ६१ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा तरल कोष ६.४ प्रतिशतले बढेको थियो

। तरल कोषमध्ये राष्ट्र बैंकमा रहेको मौज्दात गत वर्ष ५.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.७ प्रतिशतले बढेर रू. २४ अर्व ३९ करोड रहेको छ।

६. नेपाल सरकारको ऋणपत्रमा लगानी रु.६० अर्व ३४ करोड समेत गरी वाणिज्य बैंकहरुसँग २०६४ फागुन महिनामा कुल रू १२९ अर्व ९५ करोड तरल सम्पति रहेको छ । वाणिज्य बैंकहरुसँगको तरलता/निक्षेप अनुपात २०६३ फागुन महिनामा ३७.५ प्रतिशत रहेकोमा २०६४ फागुन महिनामा ३४.६ प्रतिशतमा झरेको छ । निजी क्षेत्रतर्फ कर्जा प्रवाह बढेको कारण तरलता निक्षेप अनुपात समीक्षा अवधिमा घटेको हो ।

**तरलता व्यवस्थापन**

७. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ८६ करोड खुद खरीद गरी रू ५४ अर्ब ९९ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त हस्तक्षेपमार्फत अमेरिकी डलर ६१ करोड ३३ लाख खुद खरीद गरी रू ४४ अर्ब ४३ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । विप्रेषण आप्रवाह बढेकोले गर्दा विदेशी विनिमय बजारबाट उल्लेख्य मात्रामा अमेरिकी डलरको खरीद भएको छ।

८. भा.रू.को संचिति व्यवस्थापन गर्ने सन्दर्भमा भने भा.रू. खरिदको मात्रा उल्लेख्य रुपमा बढ्दै गएको छ । आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनासम्ममा अमेरिकी डलर ९१ करोड बिक्री गरी रू ५७ अर्ब ९० करोड बराबरको भा.रू. खरिद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा ४९ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी रू ३५ अर्ब ४४ करोड बराबरको भा.रू. खरीद भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा भारतसँगको चालु खाता घाटा उच्च रहेको र नेपाल आयल निगमले भारतीय आयल निगमलाई गत वर्षभन्दा बढी भुक्तानी गरेकोले समीक्षा अवधिमा बढी भा.रू. खरिद भएको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट खरिद गरेको अमेरिकी डलरभन्दा भा.रू. खरिद गर्न बिक्री गरेको अमेरिकी डलर उच्च रहेको छ।

९. समीक्षा अवधिमा बैकिङ्ग प्रणालीको तरलता व्यवस्थापन गर्ने क्रममा रिभर्स रिपो बोलकबोल मार्फत रू ५ अर्ब ५७ करोड र बिक्री बोलकबोल मार्फत रू ३ अर्ब ७० करोड गरी कुल रू ९ अर्ब २७ करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा

बिक्री बोलकबोलबाट रू ७ अर्ब ८९ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १४ अर्ब ६ करोड गरी कुल रू २१ अर्ब ९५ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो । २०६४ पुष र माघ महिनामा केही वाणिज्य बैंकहरूसँग तरलता अभाव भएकोले रिपो बोलकबोल मार्फत कुल रू ९ अर्ब बराबरको तरलता प्रवाह भएको छ । समीक्षा अवधिमा कृषि विकास बैंकले प्राथमिक शेयर निष्कासन* गरेको र नेपाल विद्युत प्राधिकरणले ७.७५ प्रतिशतको विद्युत वण्ड जारी गरेकोले बैकिङ्ग क्षेत्रको तरलतामा अल्पकालीन संकुचन देखा पर्‍यो ।

१०. वाणिज्य बैंकहरूले आफ्नो तरलता व्वस्थापन गर्ने क्रममा समीक्षा अवधिमा अन्तर बैंक कारोवार उल्लेख्य रुपमा बढाएका छन् । अघिल्लो वर्षको पहिलो आठ महिनाको अवधिमा कुल रू १११ अर्ब २१ करोड बराबरको अन्तर बैंक कारोवार भएकोमा समीक्षा अवधिमा कुल रू १९० अर्ब ८२ करोड बराबरको अन्तर बैंक कारोवार भएको छ । यसका साथै, राष्ट्र बैंकबाट उपलव्ध हुने स्थायी तरलता सुविधाको उपयोग पनि बढेको छ । अघिल्लो वर्ष सो सुविधा अन्तर्गत वाणिज्य बैंकहरूले रू ८ अर्ब ४९ करोड अल्पकालिन ऋण उपयोग गरेकोमा समीक्षा अवधिमा कारोवारको आधारमा कुल रू ७२ अर्ब ५० करोड उपयोग गरेका छन् ।

**कुल आन्तरिक कर्जा**

११. अघिल्लो वर्ष कुल आन्तरिक कर्जा ३.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १३.२ प्रतिशतले बढेको छ । निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा विस्तार आएकोले आन्तरिक कर्जा बढेको हो ।

१२. नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ११.६ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ०.७ प्रतिशतले मात्र घटेको छ । बजेट घाटा विस्तार आएकोले नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कम दरले घटेको हो ।

**वाणिज्य बैंकहरूबाट निक्षेप परिचालन तथा कर्जा प्रवाह**

* समीक्षा अवधिमा कृषि विकास बैंकले आफ्ना ऋणीहरूलाई रू १२ करोड ५० लाखको शेयर निष्कासन गर्‍यो । बैंकका विभिन्न ग्रामीण शाखाहरूबाट पनि शेयरको आवेदन र रकम संकलन हुन गयो । कुल रू ५ अर्ब ७९ करोडको शेयर आवेदन परी सो बराबरको रकम जम्मा हुन गयो । शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रतर्फ रकम प्रवाह भई कृषि विकास बैंकको ग्रामीण शाखाहरूमा संकलित रकम केही समय रहँदा वाणिज्य बैकहरूको अधिक तरलतामा केही कमी आयो ।

१३. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनामा वाणिज्य बैंकहरूले रु ४१ अर्व १४ करोड बराबरको थप निक्षेप परिचालन गरेका छन् । गत वर्षको सोही अवधिमा रु ३५ अर्व ८० करोड थप निक्षेप संकलन भएको थियो । समीक्षा अवधिमा संकलित निक्षेपमध्ये सबभन्दा बढी रु. २१ अर्व २३ करोड ( ५१.६ प्रतिशत ) बचत निक्षेप रहेको छ भने रु. १६ अर्व ५३ करोड ( ४०.२ प्रतिशत) मुद्धती निक्षेप रहेको छ ।

१४. वाणिज्य बैंकहरूको कुल परिचालित रु. ६४ अर्व ७ करोड साधनमध्ये रु.४८ अर्व ८९ करोड निजी क्षेत्रतर्फ प्रवाहित कर्जा रहेको छ । वाणिज्य बैंकहरूको निजी क्षेत्रमाथिको समग्र दावी १८.९ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा उक्त दावी १०.३ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ कर्जा प्रवाह बढेकोले समीक्षा अवधिमा वाणिज्य बैंकहरूको कर्जा-निक्षेप अनुपात ८७.० प्रतिशत् रहेको छ, जुन अघिल्लो वर्षको यसै अवधिको ८२.१ प्रतिशत भन्दा उच्च छ ।

१५. समीक्षा अवधिमा कुल प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूले उत्पादनमुलुक क्षेत्रमा रु. १० अर्व ९९ करोड (२२.५ प्रतिशत), निर्माण क्षेत्रतर्फ रु. ७ अर्व ३५ करोड (१५.० प्रतिशत), थोक तथा खुद्रा व्यापारमा रु. ६ अर्व ५१ करोड (१३.३ प्रतिशत), घरजग्गा कारोवारमा रु. ४ अर्व ८४ करोड ( ९.९ प्रतिशत), पर्यटन, शिक्षा तथा स्वास्थजस्ता सेवा क्षेत्रमा रु. २ अर्व २४ करोड (४.६ प्रतिशत) र मार्जिन कर्जा सहितको विविध शीर्षकमा रु. १० अर्व २९ करोड ( २१.० प्रतिशत) कर्जा प्रवाह गरेका छन् ।

**व्याजदर**

१६. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा अल्पकालीन व्याजदरहरू बढेको छन् । समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ५.५४ प्रतिशत रह्यो, जुन अघिल्लो वर्षको यसै अवधिमा २.३६ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर १.३९ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.०७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा ं अधिक तरलतामा केही संकुचन आएकोले अल्पकालिन व्याजदरहरू बढेका हुन् ।

१७. केही वाणिज्य बैंकहरूले एक वर्ष भन्दा माथिको निक्षेपको व्याजदरहरू सीमान्त रुपमा बढाए पनि निक्षेप र कर्जाको व्याजदरमा भने उल्लेखनीय परिवर्तन आएको छैन । वाणिज्य बैंकहरूले बचत निक्षेपमा न्यूनतम २ प्रतिशतदेखि ५.५ प्रतिशतसम्म व्याज दिने गरेका छन् भने एक वर्षे निक्षेपमा १.७५ प्रतिशतदेखि अधिकतम ५.७५ प्रतिशतसम्म र दुईवर्ष भन्दामाथिको निक्षेपमा २.७५

प्रतिशतदेखि अधिकतम ६.७५ प्रतिशत व्याज दिने गरेका छन् । कर्जातर्फ औद्योगिक कर्जामा वाणिज्य बैंकहरुले न्यूनतम ७.० प्रतिशतदेखि १३.० प्रतिशत व्याजदर लिने गरेका छन् भने व्यापारिक कर्जामा ८.० प्रतिशतदेखि उच्चतम १३.५ प्रतिशतसम्म व्याजदर लिने गरेका छन् ।

### धितोपत्र बजार

१८. वार्षिक बिन्दुगत आधारमा नेप्से सूचकांक ४४.७ प्रतिशतले वृद्धि भई २०६४ फागुन मसान्तमा ७१४.७६ विन्दुमा पुगको छ । यो सूचकांक २०६३ फागुन मसान्तमा ४९४.०६ थियो ।

१९. बजार पूँजीकरण, वार्षिक बिन्दुगत आधारमा ७७.३ प्रतिशतले वृद्धि भई २०६४ फागुन मसान्तमा रु. २३० अर्ब ८२ करोड पुगेको छ । यसले गर्दा २०६४ फागुन मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात २९.१ प्रतिशत पुगेको छ । २०६३ फागुन मसान्तमा यस्तो अनुपात १८.१ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा विगतमाझैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् ।

२०. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी १७ प्रतिशतले बढेर २०६४ फागुन मसान्तमा रु.२४ अर्ब ५९ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो ।

२१. २०६४ फागुन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४६ पुगेको छ । २०६३ माघ मसान्तमा यो संख्या १३१ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १११ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२२. २०६४ फागुन मसान्तमा मासिक कारोवारको बजार पूंजीकरणसँगको अनुपात (Turnover Ratio) ०.८१ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६३ फागुन मसान्तमा ०.५५ प्रतिशत रहेको थियो ।

२३. शेयरबजारको उतारचढाव मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको रोलिंग स्टाण्डर्ड डेभिएशन २०६३ फागुन मसान्तमा ६९.२ रहेकोमा २०६४ फागुन मसान्तमा १७२.४ पुगेको छ ।

२४. नेपाल धितोपत्र बोर्डले समीक्षा अवधिमा ८ वटा कम्पनीहरुलाई रु ४० करोड २४ लाख बराबरको साधारण शेयर, १७ वटा कम्पनीहरुलाई रु ३ अर्व ८ करोड ४० लाख वरावरको हकप्रद शेयर र नेपाल विद्युत प्राधिकरणलाई रु १ अर्ब ५० करोड बरावरको डिवेञ्चरसमेत गरी जम्मा रु ४ अर्ब ९८ करोड ६५ लाखको प्राथमिक निष्काशन अनुमति प्रदान गरेको छ ।

२५. नेपाल सरकारले चालु आर्थिक वर्षको पहिलो आठ महिनामा रु ६ अर्बको ट्रेजरी बिल, रु २ अर्ब ४० करोडको विकास ऋणपत्र र रु ८० करोडको नागरिक बचतपत्रको प्राथमिक निश्कासन गरेको छ ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२६. आर्थिक वर्ष २०६४।६५ को फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ६.२ प्रतिशत रहेको थियो । चामल तथा चामलजन्य पदार्थ र तेल तथा घ्यूको उच्च मूल्य वृद्धिका कारण समग्र मूल्य स्थितिमा चाप पर्न गएको हो ।

२७. खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क २०६३ फागुन महिनामा ९.२ प्रतिशतले बढेकोमा २०६४ फागुनमा ९.४ प्रतिशतले वृद्धि भएको छ । तेल तथा घ्यूको मूल्य सूचकाङ्क २७.३ प्रतिशत, खाद्यान्न तथा खाद्यान्नजन्य पदार्थको १४.९ प्रतिशत (जसमध्ये चामल तथा चामलजन्य पदार्थको १९.४ प्रतिशत) र दलहनको १३.७ प्रतिशतले बढेका कारण खाद्य तथा पेय पदार्थ समुहको मूल्य वृद्धि समीक्षा अवधिमा उच्च रहेको हो । तर चिनी तथा चिनीजन्य पदार्थ, तरकारी तथा फलफूल र मरमसलाको सूचकाङ्कमा भने समीक्षा अवधिमा क्रमशः ८.४ प्रतिशत, १.८ प्रतिशत र ०.७ प्रतिशतले कमी आएको छ ।

२८. समीक्षा अवधिमा गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही महिनामा यस्तो मूल्य सूचकाङ्क ३.२ प्रतिशतले मात्र बढेको थियो । सूर्ति तथा सूर्तिजन्य पदार्थको सूचकाङ्क ८.३ प्रतिशत, घरायसी वस्तु तथा सेवाको ६.१ प्रतिशत, औषधि तथा व्यक्तिगत हेरचाहसम्बन्धी वस्तुको ५.८ प्रतिशत र शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जनको सूचकाङ्क ५.५ प्रतिशतले वृद्धि भएको कारण गैर खाद्य वस्तु तथा सेवा समुहको मूल्य गतवर्ष भन्दा बढेको हो ।

२९. समीक्षा अवधिमा काठमाडौ उपत्यका, तराई र पहाडको सूचकाङ्कमा क्रमशः ७.० प्रतिशत, ७.१ प्रतिशत र ७.५ प्रतिशतले वृद्धि भएको छ । गतवर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ६.४ प्रतिशत, ६.५ प्रतिशत र ५.२ प्रतिशत रहेको थियो ।

३०. २०६४ फागुनमा वार्षिक बिन्दुगत अन्तर्निहित मुद्रास्फीति ६.१ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ६.८ प्रतिशत रहेको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/बचत

३१. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनाको अवधिमा सरकारी बजेट रु.६ अर्व ९९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा बजेट रु. १ अर्व १८ करोडले बचतमा रहेको थियो । सरकारी खर्चको वृद्धिदर उच्च रहेकाले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो ।

३२. कुल बजेट घाटा पूर्ति गर्ने क्रममा नेपाल सरकारले आन्तरिक ऋण (अधिविकर्ष बाहेक) कुल रु.९ अर्व २० करोड परिचालन गरेको छ भने नेपाल राष्ट्र बैंकमा सरकारको रु.४ अर्व ३४ करोड बराबरको नगद मौज्दात रहेको छ । अघिल्लो वर्षको यस्तो मौज्दात रकम रु.३ अर्व १२ करोड समेत समावेश गर्दा सो सञ्चिति रु.७ अर्व ४६ करोड हुन आउँछ ।

३३. समीक्षा अवधिमा रु ५ अर्ब २९ करोड आन्तरिक ऋणको भुक्तानी समेत भएकोले अधिविकर्षसहित नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन ऋणात्मक रु ४३ करोड ३३ लाख रहेको छ ।

३४. कुल बजेट घाटामध्ये रु.२ अर्व ५२ करोड वैदेशिक ऋणबाट पूर्ति भएको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल सरकारले रु २ अर्ब १८ करोड वैदेशिक ऋण प्राप्त गरेको थियो ।

### सरकारी खर्च

३५. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३२.५ प्रतिशतले वृद्धि भई रु.८० अर्व ३४ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १५.० प्रतिशतले बढेको थियो । सरकारी खर्चका तीनै शीर्षकहरु चालू खर्च, पूँजीगत खर्च र साँवा भुक्तानी उल्लेखनीय वृद्धि भएकाले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

३६. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च १९.२ प्रतिशतले वृद्धि भई रु.५१ अर्ब १० करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च १४.६ प्रतिशतले वृद्धि भएको थियो । सरकारी कर्मचारीको तलव वृद्धि, द्वन्द्व व्यवस्थापनसम्बन्धी खर्च र संविधान सभाको निर्वाचन खर्च लगायत अन्य सरकारी प्रशासनिक खर्चमा वृद्धि भएको कारण समीक्षा अवधिमा चालू खर्च गत वर्ष भन्दा बढेको हो ।

३७. अघिल्लो वर्षको पहिलो आठ महिनामा नेपाल सरकारको पूँजीगत खर्च १२.६ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा सो खर्च ९१.० प्रतिशतले वृद्धि भई रु.१७ अर्ब ४२ करोड पुगेको छ । यस अवधिमा नेपाल सरकारले नेपाल आयल निगमलाई रु.३ अर्ब ५० करोड ऋण सहयोग दिएको, कृषि विकास बैंकमा रु. १ अर्ब ७५ करोड र नेपाल विद्युत प्राधिकरणमा रु.१ अर्ब ५ करोड शेयर लगानी गरेको र गरीबी निवारण कोषलाई रु. १ अर्ब २० करोड दाखिला गरेकोले पूँजीगत खर्चको वृद्धिदर उच्च रहेको हो ।

**सरकारी राजस्व र वैदेशिक नगद अनुदान**

३८. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनामा नेपाल सरकारको राजस्व परिचालन २६.२ प्रतिशतले वृद्धि भई रु.६० अर्ब ६१ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व १६.४ प्रतिशतले बढेको थियो । भन्सार, अन्तःशुल्क, एवं मूल्य अभिवृद्धि कर जस्ता कर राजस्वको वृद्धिदरमा विस्तार भएको र आयकर तथा गैरकर राजस्वको वृद्धि पनि उल्लेख्य रहेकाले समीक्षा अवधिमा कुल राजस्व संकलन बढेको हो ।

३९. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व २५.८ प्रतिशतले वृद्धि भई रु.१९ अर्ब ५१ करोड पुगेको छ । विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो उपभोग र मूल्य अभिवृद्धि करको क्षेत्रमा भएका प्रशासनिक सुधारहरु, जस्तैः ठूला करदाता इकाईको स्थापना, विलिङ्ग प्रणालीको सुदृढीकरण, ननफाइलरको व्यवस्थापन आदिको कारण मूल्य अभिवृद्धि कर राजस्व बढेको हो ।

४०. समीक्षा अवधिमा भन्सार राजस्व २६.१ प्रतिशतले बढी रु. १२ अर्ब ८५ करोड पुगेको छ । अघिल्लो वर्ष भन्सार राजस्व १३.५ प्रतिशतले बढेको थियो । भन्सार प्रशासनमा भएको सुधार, उच्च भन्सार महसूल लाग्ने सवारी साधनको आयातमा भएको उल्लेख्य वृद्धि र भारतीय अन्तःशुल्क फिर्ता रकम पनि बढेकाले भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

४१. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २७.८ प्रतिशतले वृद्धि भई रु ६ अर्ब ३६ करोड पुगेको छ। अघिल्लो वर्ष अन्तःशुल्क राजश्व २२.१ प्रतिशतले वृद्धि भएको थियो । अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु, अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरुको पहिचान र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

४२. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ३३.७ प्रतिशतले वृद्धि भई रु.१० अर्ब १८ करोड पुगेको छ । केही सरकारी संस्थानहरु र निजी संस्थानहरुको आयमा वृद्धि हुनुको साथै लगानी आयमा वृद्धि भएकोले समीक्षा अवधिमा आयकर राजस्व उक्तदरमा वृद्धि भएको हो । अघिल्लो वर्ष आयकर राजस्व ३६.५ प्रतिशतले वृद्धि भएको थियो ।

४३. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनाको अवधिमा गैर कर राजस्व १५.९ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ६५ करोड परिचालन भएको छ । अघिल्लो वर्ष गैरकर राजस्व १८.९ प्रतिशतले बढेको थियो । नेपाल राष्ट्र बैंक लगायत अन्य केही सरकारी संस्थानहरुबाट सरकारलाई लाभांश प्रांप्त भएका कारण गैर कर राजश्वमा वृद्धि भएको हो । नेपाल राष्ट्र बैकले नेपाल सरकारलाई आर्थिक वर्ष ६०६३/६४ को लाभांश वापत् रु.३ अर्ब ४३ करोड छुट्याएकोमा २०६४ फागुन मसान्त सम्ममा रु. २ अर्ब ५० करोड भुक्तानी गरिसकेको छ ।

४४. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदान वापत रु. ९ अर्ब ७८ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष सो शीर्षकमा रु.१० अर्ब ६३ करोड प्राप्त भएको थियो ।

४५. २०६४ फागुन मसान्तमा नेपाल सरकारको कुल आन्तरिक ऋण रु ९५ अर्ब ७५ करोड पुगेको छ । आर्थिक वर्षको शुरुमा नेपाल सरकारको यस्तो ऋण रु. ९६ अर्ब १८ करोड रहेको थियो ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार र शोधनान्तर

४६. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनामा कुल निर्यात २.६ प्रतिशतले घटेको छ। अन्य मुलुकतर्फको निर्यात ७.२ प्रतिशतले बढेतापनि भारततर्फको निर्यात ६.९ प्रतिशतले

घटेकोले कुल निर्यात घटेको हो । अघिल्लो वर्षको पहिलो आठ महिनामा कुल निर्यात ६.६ प्रतिशतले घटेको थियो जसमध्ये भारततर्फको निर्यात ६.४ प्रतिशतले र अन्य मुलुकतर्फको निर्यात ७.० प्रतिशतले घटेको थियो ।

४७. भारततर्फ मुख्यतया वनस्पति घ्यू, कपडा, रसायन, तार तथा धागोको निर्यातमा कमी आएकोले त्यसतर्फको निर्यात घटेको हो । अन्य मुलुकतर्फ विशेषगरी मुख्य वस्तु अन्तर्गतका दाल र जडिबुटी एवं अन्य वस्तु अन्तर्गतका बिरुवा, कागजका प्याकिंग सामाग्री, स्टेशनरी र बटनको निर्यात बढ्नाले त्यसतर्फको निर्यात बढेको हो ।

४८. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनामा कुल आयात १२.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १.१ प्रतिशतले घटेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा १५.० प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात ८.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारतबाट भएको आयात २.३ प्रतिशतले बढेतापनि अन्य मुलुकबाट भएको आयात ६.४ प्रतिशतले घटेको थियो ।

४९. आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनामा भारतबाट मुख्यतया एम.एस. विलेट, सवारी साधन तथा पाटपुर्जा, पेट्रोलियम पदार्थ, हट रोल्ड शीट इन्क्वाइल र औषधि एवं अन्य मुलुकबाट विशेषगरी सुन, दूरसंचारका सामाग्री, सवारीसाधन तथा पाटपुर्जा, अन्य मेशिनरी तथा पाटपुर्जा र विद्युतीय सामाग्रीको आयातमा उल्लेख्य वृद्धि भएको छ ।

५०. समीक्षा अवधिमा पर्यटन आय र विप्रेषण आप्रवाह क्रमशः ७६.३ प्रतिशत र २८.१ प्रतिशतले बढ्नाले चालु खाता रु. १० अर्व ४१ करोडले बचतमा रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा चालु खाता रु. १० अर्व ६७ करोडले बचतमा रहेको थियो । चालु खातासँगै आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनामा समग्र शोधनान्तर स्थिति रू. १३ अर्व २९ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. १२ अर्व २८ करोडले बचतमा रहेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

५१. २०६४ फागुन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा १०.२ प्रतिशतले बढी रू. १८१ अर्ब ९८ करोड पुगेको छ । आर्थिक वर्ष २०६३ को फागुन

मसान्तमा यस्तो सञ्चिति ७.३ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा भने २०६४ असारदेखि फागुन मसान्तसम्ममा कुल सञ्चिति १०.८ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ८२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १२.८ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.३ महिनाको वस्तु आयात र ८.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति**

५२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ फागुन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ६१.०२ रहेकोमा २०६४ फागुन मसान्तमा ८१.५ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर ११०.७५ पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६३ फागुन मसान्तको तुलनामा २०६४ फागुन मसान्तमा ५४.७ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६४३.२५ बाट अमेरिकी डलर ९९५.०० पुगेको छ।

**विनिमय दर प्रवृत्ति**

५३. २०६४ असार मसान्तको तुलनामा २०६४ फागुन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.५६ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.११ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६३ फागुन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७०.५० रहेको थियो भने २०६४ फागुन मसान्तमा उक्त विनिमय दर रु. ६४.४९ मा झरेको छ।